महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

हिलिहाङ्ग गाउँपालिका
पाँचथर

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

हिलिहाङ्ग गाउँपालिका

पाँचथर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

हिलिहाङ्ग गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १३०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हिलिहाङ गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, पाँचथर।

१. **कैफियतसहितको राय -** हामीले हिलिहाङ गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ७ करोड ७३ लाख ७६ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ करोड २ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु २७ लाख ६५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड १८ लाख २२ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ११ करोड ५५ लाख ५४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

हिलिहाङ गाँउपालिका,
पाँचथर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३७	७६	७७३७६	०	१५	३६४४	३७	६१	७३७३२	६९०	२७६५	७०२७७	०	०	७३०४२	०

१.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	**प्रारम्भिक प्रतिवेदनको दफा नं.**	**छोटकरी व्यहोरा**	**रकम रु.**
१	१६	कट्टि गरि दाखिला भई आएको	२०,७२७
२	१९	आयकर कट्टी रकम दाखिला भई आएको	८५७२८
३	२१	प्रदेश लेखा इकाई कार्यालयमा जम्मा गरेको प्रमाण पेश भई आएको	१४,६१,२४९.७९
४	३५.१	असुलको प्रमाण पेश भई आएको	२५७३१६.००
५	३५.३	असुलको प्रमाण पेश भई आएको	१६४२८११.००
६	४१	असुलको प्रमाण पेश भई आएको	१७६१४१.५४
		जम्मा	३६४३९७३.३३

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हिलिहाङ गाँउपालिका, पाँचथर	४१८२२	०	०	४१८२२	०	७३७३२	११५५५४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हिलिहाङ गाउँपालिका, पाँचथर , हिलिहाङ गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Bikram Limbu	२०७६-७-२१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Subash Bhattarai	२०७४-५-२८	हाल सम्म कार्यरत
		बेरुजु रकम	७३,७३१,७७३.६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३,८८,५९,७९४.६८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३१,९०,०५,९९८.७९	**चालु खर्च**	२७,१३,०८,०८६.४२
प्रदेश सरकारबाट अनुदान	१,६३,२८,३८५	**पूँजीगत खर्च**	१२,६२,६७,६४२.७९
राजश्व बाँडफाँट	७,७७,४२,४४२.७१	**वित्तीय/अन्य व्यवस्था**	१०,९६,९८,३५६.५
आन्तरिक आय	१,०३,७६,०५२.९३		
अन्य आय	१०,७७,२३,४६७.५६		
कुल आय	५३,११,७६,३४६.९९	**कुल खर्च**	५०,७२,७४,०८५.७१
बाँकी मौज्दात		६,२७,६२,०५५.९६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण पद्दती:** महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी यस गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-	
२			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १२३.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को प्रारम्भिक जनगणना अनुसार यस पालिकाको जनसंख्या २० हजार ५३१ रहेको छ ।	
३			**वित्तीय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।	
४			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुमित्रा कुमारी सेढाई २०७८।३।१० गते रु. ४९ करोड ३१ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।१० मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०७८।०४।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको समय भित्र खर्च गर्ने अख्तियारी दिनु पर्दछ ।	
५			**बैंक मौज्दातः** स्थानीय तहहरुले आर्थिक वर्ष समाप्त भए पश्चात खर्च खाताहरु मध्ये चालु र पुँजिगत खताको बाँकी रहेको रकम स्थानीय संचितकोष दाखिला गरि ति खाताहरु शुन्य बनाउनु पर्दछ । यस गाउँपालिकाको चालु खातामा रु ९७८४७६.५७ र पुँजिगत खातामा रु ७४२७३९४.०० मौज्दात रहेको छ । पालिकाले सो खाताहरुमा रहेको रकम आर्थिक वर्षको अन्त भित्र स्थानीय संचितकोष दाखिला गरि शुन्य बनाउनु पर्नेमा २०७९ श्रावण महिनामा आएर मात्र संचितकोष दाखिला गरेको छ । आर्थिक वर्ष भित्र कारोवार सम्पन्न गरि सोहि आर्थिक वर्ष भित्र बाँकी रहेको रकम दाखिला गर्ने तर्फ पालिकाको विशेष ध्यान जानु पर्ने देखिन्छ ।	
६			**अन्तिम मौज्दात नभिडेकोः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गाउँपालिकाले तयार पारेको वित्तिय प्रतिवेदन (म.ले.प.फाराम २७२) अनुसार अन्तिम मौज्दात रु ६२७६२०५५.९६ रहेको तर पालिकाको सम्पुर्ण खाताहरुको अन्तिम बैंक मौज्दात रु ६२९०२३४२.९६ रहेको छ । श्रेष्ता अनुसारको अन्तिम मौज्दात र बैंक अनुसारको अन्तिम मौज्दात बराबर हुनु पर्नेमा रु १४०२८७.०० बैंक मौज्दात बढि रहेको देखिन्छ । बैंक मौज्दात बढि रहेको रकम साट्न बाँकी चेकको रकम रहेको र सो रकम मिति २०७९ श्रावण ३ मा साँटिएको छ । पालिकाले आर्थिक वर्ष समाप्त हुनु भन्दा अगावै आर्थिक कारोवार बन्द गरि सोही आर्थिक वर्ष भित्र सम्पुर्ण मौज्दात भिडान गरि खाता अध्यावधिक राख्न तर्फ ध्यान जानु पर्दछ ।	
७			**अनुदान फिर्ता दाखिला प्रमाणः** ११/२०७८-८-२२ गाँउपालिकाले राजश्व शीर्षक नं. १५११३ मा प्रदेश सरकारलाई नेपाल बैंक लिमिटेडको खातामा अनुदान रु. १९०१५६३.०० फिर्ता गरेको छ । सो अनुदान फिर्ता रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले समायोजन भएको पुष्टि गरेको छैन । प्रदेश सरकारलाई अनुदान फिर्ता भएको रकमको यथार्थता सम्बन्धमा आधार सहित प्रष्ट गर्नुपर्दछ ।	
८			**अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा संघीय सरकारतर्फ रु. ४८००३४८१.२१ र प्रदेश सरकारतर्फ रु. ४१८१६१५.०० अनुदान खर्च नभई बाँकी रहेको रकम मिति २०७९।०३।३० मा संघीय र प्रदेश संचितकोष फिर्ता गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्ने कार्यलाई कार्यालयले निरन्तरता दिनु पर्दछ	
९			**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२५२३९०००.</td><td>२२७५२०००.</td><td>९०.१५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२८१८३९०००.</td><td>२३५९९००००.</td><td>८३.७३</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१२३७१००००.</td><td>७३९४८०००.</td><td>५९.७७</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>१४८९४०००.</td><td>७४७८०००.</td><td>५०.२</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७६७२१०००.</td><td>५७१३२०००.</td><td>७४.४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार पारि केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसारको खर्चको स्थिति चौमासिक रुपमा उपलब्ध गरएको छ । पालिकाले उपलव्ध गराएको चौमासिक खर्चको स्थिति विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्चको विवरण</th><th rowspan="2">आषाढ महिनाको खर्च</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th></tr>
<tr><td>चालु तर्फ</td><td>२७१३०८०८६.४२</td><td>५३६४०२९१.३२</td><td>६००२६९०६.७०</td><td>१५७६४०८८८.४०</td><td>८८८००२१४.८०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>पुंजिगत तर्फ</td><td>१२६२६७६४२.७९</td><td>४०८०००.००</td><td>२०७४८५८७.६०</td><td>१०५१११०५५.१९</td><td>७०२९८७५६.१९</td></tr></table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाहः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>प्राप्त निवेदन</td><td>सिफारिस संख्या</td></tr>
<tr><td>१</td><td>जन्म दर्ता</td><td>५३१</td><td>५३१</td></tr>
<tr><td>२</td><td>मृत्यू दर्ता</td><td>१८८</td><td>१८८</td></tr>
<tr><td>३</td><td>बसाइसराई दर्ता</td><td>१८९</td><td>१८९</td></tr>
<tr><td>४</td><td>बिबाह दर्ता</td><td>२१५</td><td>२१५</td></tr>
<tr><td>५</td><td>सम्बन्द बिच्छेद दर्ता</td><td>७</td><td>७</td></tr>
<tr><td>६</td><td>नाता प्रमाणित</td><td>१६९</td><td>१६९</td></tr>
<tr><td>७</td><td>घरबाटो सिफारिस</td><td>१६५</td><td>१६५</td></tr>
<tr><td>८</td><td>नागरिकता सिफारिस</td><td>५३४</td><td>५१३</td></tr>
<tr><td>९</td><td>अन्य</td><td>३७१५</td><td>३६८५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>न्यायीक समितीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्यौंट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस बर्ष विभिन्न विषयका ११ वटा विवाद दर्ता भएकोमा १० वटा फछ्र्यौट भईसकेको र १ वटा फस्योंट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१३			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • वडा कार्यालयमा वडा बजेटबाट खरिद गरेका जिन्सी सामानहरुको छुटै जिन्सी खाता राख्ने गरेकोमा जिन्सी दाखिला प्रतिवेदनमा कतिपय वडाहरुले जिन्सी खाता पाना नम्बर उल्लेख गर्ने गरेको देखिएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • गाउँपालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन। • गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको । • गाउँपालिका अध्यक्षले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश नगर कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको। • भ्रमण खर्चको विलसाथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको । • भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको । • इन्धन खरिद खर्चको भौचर साथ इन्धन खर्चको लगबुक संलग्न गर्ने नगरेको । • खर्चको रिभर्स, कट्टी कर दाखिला एवं आम्दानी सम्बन्धि कतिपय गोश्वार भौचरहरु श्रेस्तासाथ संलग्न गरि राख्ने नगरेको । • गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको । • वडा अध्यक्षहरुले आफ्नो भ्रमण आदेश नगर प्रमुखबाट स्वीकृत नगराई आफैले स्वीकृत गर्ने गरेको । • वडा सचिवको भ्रमण आदेश प्रमुख प्रसाशकिय अधिकृतबाट स्वीकृत नगराई वडा अध्यक्षले स्वीकृत गर्ने गरेको । • वडा कार्यालय सञ्चालन खर्च अन्तर्गत मोवाइल रिचार्ज खर्चमा नियन्त्रण गर्ने नगरेको । • कट्टी गरेको कतिपय कर रकमको दाखिला भौचर खर्चको गोश्वारा भौचर साथ संलग्न गर्ने नगरेको । • कतिपय योजनाहरुको अनुगमण प्रतिवेदनमा अनुगमन समितिका सबै सदस्यहरुको दस्तखत नभै केही सदस्यहरुको मात्र हुने गरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले पशु शाखाको बाख्रा पालन सम्बन्धी तालिम संचालन गर्ने गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१४			**मसलन्द खरिदः** कार्यालयले एक आर्थिक वर्षमा गरिने खरिद कार्यको खरिद गुरु योजना बनाई सो अनुसार नै खरिद गर्ने र भुक्तानी गर्ने गर्नु पर्दछ । गाउँपालिकाले मसलन्द खरिका लागि रु २२ लाख ६५ हजार विनियोजन गरेकोमा विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु २२ लाख १७ हजार ६ सयको सोझै तथा दर्तावाला फर्महरुसँग शिलबन्दी माग गरि खरिद गरेको पाईयो । कार्यालयलाई आवश्यक सामाग्रीहरुको सूरुमै लागत अनुमान बनाई बोलपत्र विधिबाट खरिद गर्न सकिनेमा समेत टुक्रा टुक्रा पारी विभिन्न फर्महरुसँग खरिद गरेको पाईयो । पालिकाले यसरी गरिने खिरदमा निरन्त्रण गरि वोलपत्र तथा बन्द शिलबन्दी बिधिबाट खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१५			**कर्मचारी व्यवस्थाः** निजामति सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार विभन्न पद र श्रेणीका गरी ७८ जनाको दरबन्दी स्वीकृत भएकोमा ४२ पद पूर्ति भई अन्य पद रिक्त रहेका छन । साथै आयोजना तथा कार्यक्रम तर्फ १६ दरबन्दी रहेकोमा १६ पदमा करारमा नियुक्त गरि जिम्मेवारी दिएको पाईयो । गाउँपालिकाले दरवन्दी अनुसार निजामति सेवा ऐन तथा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपुर्ति हुनु पर्दछ ।	
१६			**दाखिला हुनु पर्ने दायित्वः** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. २०,७२७ सम्परीक्षण गरिएको ।**	०
१७			**म्याद नाघेको पेश्कीः** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाइजेशन पेश्की वापत आयोजनाले देहायको कार्यक्रमको लागि रु १२२६८८४५।०० उपलव्ध गराएकोमा आर्थिक वर्ष समाप्त	१२,२६८,८४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भएकोमा समेत पेश्की फस्यौंट हुन सकेको देखिएन । निम्नानुसारको पेश्की आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौट हुनुपर्ने रु

सि.नं.	फर्मको नाम	पेश्कीको उद्धेश्य	रकम
१	तमोर बृहत पम्पीङ खानेपानी तथा सरसफाई उ.स.	तमोर बृहत पम्पीङ खानेपानी तथा सरसफाई आयोजना	६८००००
२	सुभाङ्ग बृहत पम्पिङ्ग खानेपानी तथा सरसफाई उ.स.	सुभाङ्ग बृहत पम्पिङ्ग खानेपानी तथा सरसफाई आयोजना	४००००००
३	सिंहपुर पशुपती मा.वी.	२ कोठे भवन निर्माण	१८०००००
४	मौलोडाडा आधारभुत विद्यालय	२ कोठे भवन निर्माण	१८०००००
५	सिद्धेश्वरी माध्यमिक विद्यालय	२ कोठे भवन निर्माण	१८०००००
६	श्रीजङ मा.वी. गोपेटार	भवन पार्टेशन तथा संगरोगन	२१८८८४५
जम्मा			१२२६८८४५

१८

म्याद ननाघेको पेश्कीः

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाइजेशन पेश्की वापत आयोजनाले देहायको निर्माण व्यवसायीलाई रु १५०७४०००।०० उपलव्ध गराएकोमा म्याद बाँकी रहेको निम्नानुसारको पेश्की आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौट हुनुपर्दछ ।

सि.नं.	फर्मको नाम	पेश्कीको उद्धेश्य	रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>एपेक्स मिसन जे.भी.</td><td>गोपेटार प्रथमिक स्वास्थ्य केन्द्र भवन निर्माण</td><td>५००००००</td></tr>
<tr><td>२</td><td>एस.ए.एस. कन्सट्रक्सन प्रा.ली.</td><td>गाउँपालिका प्रशासकिय भवन निर्माण</td><td>१००७४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५०७४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आयकर कट्टीः

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ८५७२८ सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अंग्रेजी गणित र विज्ञान शिक्षक अनुदान भुक्तानीः

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणीत र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान वापत रु ३५९९०.०० प्रति महिनाका दरले १२ महिनाको भुक्तानी गर्न सकिने गरि व्यवस्था गरेको छ । तलब भत्ता भुक्तानी गर्दा नियुक्ती लागु भएको मितिदेखि लागु हुने गरि भुक्तानी हुनु पर्नेमा गाउँपालिकाले २०७८ श्रावण भन्दा पछाडी नियुक्ती भएका शिक्षकहरुको तलब भत्ता समेत श्रावण महिना देखिनै भुक्तानी गरेको पाईयो । पालिकाले देहाय अनुसार बढि भुक्तानी हुने गरि विद्यालयको नाममा गरेको निकासा असुल हुनु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>भुक्तानी दर</th><th>बढि भुक्तानी महिना</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री जोरपोखरी मा.वी.</td><td>३५९९०</td><td>१</td><td>३५९९०</td><td>२०७८ भाद्र २ गते नियुक्ती तर श्रावणको समेत निकासा</td></tr>
</table>
</td><td>५५७,८४५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>श्री बाजेन्द्रकाली आ.वी.</td><td>३५९९०</td><td>११</td><td>३९५८९०</td><td>२०७९ आषाढमा मात्र नयाँ नियुक्ती</td></tr>
<tr><td>३</td><td>श्री अमर ज्योती आ.वी.</td><td>३५९९०</td><td>२</td><td>७१९८०</td><td>२०७८।०८।१९ देखी माघ १७ सम्म पद रिक्त</td></tr>
<tr><td>४</td><td>श्री जय भवानी मा.वी.</td><td>३५९९०</td><td>१.५</td><td>५३९८५</td><td>२०७८ भाद्र १८ गते नियुक्ती तर श्रावणको समेत निकासा</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५७८४५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>समपुरक दायित्व-

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रदेश संचितकोष दाखिला प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.१४,६१,२४९.७९ सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>विद्यालयका शिक्षकककाे तलब निकासाः

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनका आधारमा भुक्तानी दिनु पर्द छ । यस गाउँपालिका भित्र रहेका विद्यालयहरुमा यस वर्ष कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरि तलब भत्ता वापत पालिकाले रु १२ करोड २२ लाख ५६ हजार निकासा गरेको छ । साथै नगरकार्यपालिको विभिन्न मितिमा भएको निर्णय अनुसार विभिन्न विद्यायमा कार्यरत शिक्षकको दरबन्दी अन्य विद्यालयमा कायम गरेको कारण कुन विद्यालयमा के कति शिक्षकको दरबन्दी कायम रहेको छ भन्ने सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले शीक्षकको दरबन्दी मिलान गरेको निर्णय र सो दरबन्दी अनुसार कायम दरबन्दीको अभिलेख स्पष्ट हुने गरि रख्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**दिवा खाजाः** नेपाल सरकारले सामुदायीक विद्यालयमा अध्ययनरत वालविकास देखि ५ कक्षा सम्मका विद्यार्थीलाई दिवा खाजा खुवाउने व्यस्था गरे वमोजिम गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न मितिमा रु ५२ लाख २२ हजार दिवा खाजा वापत गाउँपालिका अन्तर्गतका विद्यालयलाई भुक्तानी गरेको देखियो । दिवा खाजा भुक्तानीमा नियन्त्रण गर्न पालिकामा विद्यालय खुलेको दिन, अन्य बिदा भए सो समेत खुलाई बनाईएको आन्तरीक नियन्त्रण फारामको प्रयोगले दिवा खाजा भुक्तानीमा नियन्त्रण भएको देखिन्छ । यस्तै प्रकारका फारामहरुको प्रयोगमा निरन्तरता दिई अनावश्यक बढि भुक्तानी हुने कार्यलाई नियन्त्रण गर्ने कार्यमा निरन्तरता दिनु पर्दछ ।	
२४			**निशुल्क पाठ्य पुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नम्बर २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखी १२ सम्मका विद्यार्थका लागी निःशुल्क पाठ्य पुस्तक अनुदान दिने व्यवस्था अनुसार गाउँपालिकाले यस वर्ष र शैक्षिक वर्ष २०७९ को भर्ना समेतको आधारमा जम्मा रु ३० लाख ७८ हजार ३ सय बराबरको अनुदान रकम भुक्तानी गरेको पाइयो ।	
२५			**धरौटीको व्यक्तिगत खाता** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची-१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खातामा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालकाले गोश्वारा धरौटी खाता राखेको भए पनि व्यक्तिगत धरौटी खाता नराखेकोले कुन व्यक्ति, फर्म तथा संस्थाको कुन कुन समयमा के-कति कुन प्रयोजनको धरौटी जम्मा हुन आएको हो तथा कुन कुन व्यक्ति, फर्म तथा संस्थाको धरौटीको प्रयोजन सकिई राजस्व खातामा दाखिला गर्नुपर्ने नपर्ने छुट्याउन नसकिने भएकोले व्यक्तिगत धरौटी राखी लेखा स्पष्ट पारदर्शी र अद्यावधीक गरिनुपर्दछ ।	
२६			**आन्तरिक राजश्वः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गाउँपालिकलाई प्राप्त हुने सम्पुर्ण रकम पालिकाले आन्तरिक राजश्व खातामा आम्दानी जनाए पश्चात संचितकोष दाखिला गर्नु पर्दछ । गाउँपालिकाले आन्तरिक राजश्व व्यवस्थित नगर्दा पालिकालाई प्राप्त हुने राजश्व रकम आन्तरिक राजश्व खातामा जम्मा नभएर अन्य खातामा जम्मा हुने गरेको छ । जसले गर्दा पालिकाले खुद कति आम्दानी गरेको छ सो को विवरण यथार्थ परक रुपमा प्राप्त हुन सकेन । यस आर्थिक वर्षमा पालिकाको आन्तरिक राजश्व खातामा रु १०३७६०५२.९३ को आम्दानी बाँधेको र सो रकम भन्दा बाहेक अन्य खातामा समेत राजश्व वापत जम्मा भएको पाईयो । गाउँपालिकाले आन्तरिक राजश्व व्यवस्थित गर्न लागु गरेको सफ्टवेयरबाट प्राप्त विवरण अनुसार पालिकाले रु ३११२८३४.०० मात्र आम्दानी गरेको देखिन्छ । पालिकाको आन्तरिक राजश्व कुल खर्चको तुलनामा २.०४ प्रतिशत मात्र रहेको छ । यस बाट पालिका हाल सम्म पनि संघीय र प्रदेश सरकारको अनुदानमा मात्र आधारित रहेको मान्न सकिन्छ । पालिकाले आफ्नो आन्तरिक राजश्वका श्रोत बढाउने, हाल कायम रहेका श्रोतलाई व्यवस्थित गर्ने र आन्तरिक आम्दानीलाई व्यवस्थित राख्ने तर्फ ध्यान दिनु पर्दछ ।	
२७			**रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विभिन्न वडाहरुबाट संकलन हुने राजश्व रकम सम्बन्धित व्यक्तीले महिनाको अन्तमा तथा कुनै कुनै महिनामा दुई तिन महिना समाप्त भए भश्चात बैंक दाखिला गर्ने गरेको पाईयो । पालिकाले राजश्व संकलन भएको छोटो समयमै दाखिला गर्ने तर्फ ध्यान जानु पर्दछ ।	
२८			**बिभाज्य कोषः** प्रदेश नम्बर १ सरकारको प्रदेश आर्थिक ऐन, २०७८ को दफा ६(२) मा प्रदेश भित्र ढुङ्गा, गिट्टि, बालुवा, माटो, खोलाले बगाई ल्याएको काठ, दाउरा लगायतका दहत्तर बहत्तरको संकलन सम्बन्धित स्थानीय तहले गर्ने साथै सोहि दफाको उपदफा (३) मा सम्बन्धित स्थानीय तहले संकलन गरेको दहत्तर बहत्तर शुल्कको चालिस प्रतिशत रकम प्रदेश संचितकोष दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले दहत्तर बहत्तर ठेक्काबाट गरेको आम्दानी मध्ये चालिस प्रतिशत प्रदेश पठाउनु पर्ने रकम पठाई बाँकी रहेको रु ६३२०३५.०० कार्यालयको बिभाज्य कोषमै बाँकी रहेको छ । स्थानीय सरकार संचालन ऐन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७४ ले बर्षको अन्तमा बाँकी रहेको विभाज्यकोषको रकम संचितकोष दाखिला गर्नु पर्ने व्यवस्था गरेकोमा हाल सम्म सो रकम विभाज्य कोषमै बाँकी रहेको छ । पालिकाले सो विभाज्य कोषमा बाँकी रहेको रकम संचितकोष दाखिला गरि हिसाब मिलान गर्नु पर्ने देखिन्छ ।	
२९			**मनोरञ्जन कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
३०			**व्यवसाय कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाले व्यवसाय कर उठाएको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।	
३१			**पुर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपुर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारण सम्झौतामा बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरि साधाहरणतया प्रति दिन शुन्ना दशमलब शुन्ना पाँच प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने उल्लेख छ । पालिकाले डिजिटल ईन्फोटेक झापाबाट मिति २०७८।११।१५ मा सम्झौता गरि १४ दिन भित्र उपलब्ध गराउने गरि खरिद गरिएका डेक्सटप, ल्यापटप र प्रिन्टर मिति २०७८।१२।१५ मा उपलब्ध गराएको तर पालिकाका सुचना प्रविधि अधिकृत जगदिश दर्जिले आपुर्ति भएका सामान मिति २०७८।१२।०४ मा निरिक्षण गरि निरिक्षण प्रतिवेदन समेत पेश गरेका छन । आपुर्तिकर्ता डिजिटल ईन्फोटेकले मिति २०७८।१२।१५ बाट वारेन्टि लागु हुने भनि	९,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पत्र पठाएको छ । आपुर्ति कर्ताको पत्रानुसार सो सामानहरु मिति २०७८।१२।१५ मा नै आपुर्ति भएको देखिन्छ तर कार्यालयले के कति कारणले मिति २०७८।१२।०४ मा निरिक्षण गरि प्रतिवेदन जारि गरेको हो सो एकिन गर्न सकिएन । कार्यालयले आपुर्ति भन्दा पहिले के कति कारणले सामानको निरीक्षण गरेको हो सो को छानबिन गर्नु पर्दछ । साथै सम्झौता अनुसार १४ दिन भित्र अर्थात फागुन मसान्त भित्र आपुर्ति गरि सक्नु पर्नेमा चैत्र १५ मा आपुर्ति भएको हुदा सम्झौता रकम रु १२०१७७०.०० को प्रति दिन ०.०५ प्रतिशतले हुने रु ६००.०० जम्मा १५ दिनको रु ९०००.०० सम्बन्धित आपुर्ति कर्ताबाट असुल हुनु पर्ने रु	
३२			**ल्यापटप खरिदः** गाउँपालिकाले कार्यालय प्रयोजनको लागि ल्यापटप खरिद गर्न तयार पारेको स्पेशिफिकेसनमा Duel supported SSD उल्लेख छ । कार्यालयमा प्राप्त भएको ल्यापटपमा HDD मात्र रहेको तर SDD रहेको देखिएन । खरिदको लागि शिलबन्दी उपलब्ध गराउदानै स्पष्ट SDD समेत हुने उल्लेख भएकोमा SDD नभएको ४ थान ल्यापटप आपुर्ति गरे वापत रु २७२०००.०० (मुल्य अभिबृद्धि कर समेत) भुक्तानी गरेको छ । पालिकाले माग गरिएका ल्यापटप कार्यालयले तयार पारेको स्पेशिफिकेशन अनुसार भएको मान्न सकिएन । पालिकाले आपर्तिकर्ता डिजिटल ईन्फोटेकबाट खरिद गरेका ल्यापटपहरु खरिदको लागि तयार पारेको स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार SDD जडित ल्यापटप भएको प्रमाण पेश हुनु पर्ने रु	२७०,०००
३३			**बढि भुक्तानीः** गाउँपालिका चालु तर्फ गो.भौ.नं. २२/२०७८।०७।२८ बाट बीमा तथा नविकरण वापत सुवास भट्टराईलाई भुक्तानी गर्दा रु ३३०८९.८१ बढि भुक्तानी गरेको पाईयो । पालिकाले यसरी बढि भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु	३३,०८९.८१
३४			**डि.पि.आर. निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले बीस लाख रुपैंयाभन्दा कम रकमको परामर्श सेवा खरिद गर्दा कार्यालयमा मौजुदा सुचिमा रहेका परामर्शदाताबाट प्रस्ताव सम्बन्धि कागजात पठाई प्राविधिक र आर्थिक	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छट्टा छट्टै खाममा प्रस्ताव माग गर्ने र सो प्रस्तावको मूल्याङ्कन गुणस्तर र लागत विधि अनुसार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले विभिन्न कार्यको डि.पि.आर. निर्माण गर्न लागत अनुमान तयार नगरि सिधै तिन वटा परामर्शदाताबाट आर्थिक प्रस्ताव मात्र माग गरि पटक पटक एउटै परामर्शदातालाई डि.पि.आर. निर्माणको जिम्मेवारी दिएको पाईयो । यसरी आर्थिक प्रस्ताव मात्र माग गरि काममा लगाउदा परामर्शदाता प्राविधिक रुपमा सो कार्यको लागि योग्य रहे नरहेको यकिन हुन सकिएन । गाउँपालिकाले डि.पि.आर. निर्माण मात्र गरेको तर सो अनुसार निर्माण कार्य प्रक्रिया अगाडी बढएको पाईएन । देहाय अनुससार गाउँपालिकालाई आर्थिक व्ययभार मात्र पर्ने गरि पटक पटक एउटै परामर्शदातालाई डि.पि.आर. निर्माण गर्ने कार्य नियम सम्मत नदेखिदा यसरि डि.पि.आर. निर्माण मात्र गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।	

क्र.सं.	योजनाको नाम	परामर्शदाता	स्वीकृत बजेट	भुक्तानी रकम
१	भोटेगडी पदमार्गको लागि	रासी मेचि ईन्जिनियरिङ्ग	२०००००	१७८०००
२	जोरपोखरी डोप्किले चतुरे पदमार्गको	रासी मेचि ईन्जिनियरिङ्ग	१५००००	१५००००
३	फुलुवा सिरिसे साम्रे हुदै पञ्चमी आउने सिंचाईको	रासी मेचि ईन्जिनियरिङ्ग	३०००००	३०००००
४	वडा नम्बर २ को वडा भवनको	शिवगंगा ईन्जिनियरिङ	१५००००	१५००००
५	सिंहपुर पशुपति मा वी भवनको	शिवगंगा ईन्जिनियरिङ	२०००००	२०००००
६	गुरुङ्गछाप खेलमैदानको	द समिट ईन्जिनियरिङ्ग	२०००००	२०००००
७	भालुचोक अमरपुर सडक कालोपत्रे परियोजना	द समिट ईन्जिनियरिङ्ग	१०००००	१०००००
८	सिंहपुर देखि लिम्बुनीपुल सम्म सडक	द समिट ईन्जिनियरिङ्ग	२७५०००	२७५०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>हाङ्ऐपुर देखि मध्यपहाडी सम्म कालोपत्रे</td><td>द समिट ईन्जिनियरिङ्ग</td><td>३६००००</td><td>३६००००</td></tr>
<tr><td>१०</td><td>वडा नम्बर ३ को वडा भवनको</td><td>शिवगंगा ईन्जिनियरिङ</td><td>१५००००</td><td></td></tr>
<tr><td>११</td><td>जय भवानी आ वी खेलमैदान</td><td>द समिट ईन्जिनियरिङ्ग</td><td>१०००००</td><td></td></tr>
<tr><td>१२</td><td>जोरपोखरी आ वी को खेल मैदान</td><td>द समिट ईन्जिनियरिङ्ग</td><td>२०००००</td><td></td></tr>
<tr><td>१३</td><td>जय भवानी आ वी विद्यालय भवन</td><td>द समिट ईन्जिनियरिङ्ग</td><td>१५००००</td><td></td></tr>
<tr><td>१४</td><td>सिरिजंग मा वी खेल मैदान</td><td>द समिट ईन्जिनियरिङ्ग</td><td>४०००००</td><td></td></tr>
<tr><td>१५</td><td>गोपेटार कबर्डहल</td><td>शिवगंगा ईन्जिनियरिङ</td><td>२०००००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३१३५०००</td><td>१९१३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामाजिक सुरक्षा सम्बन्धमाः</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा निकासा फिर्ताः
.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. २५७३१६ सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>कार्यविधीको प्रयोगः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को देहायका प्रावधान बमोजिम पालना गर्नुपर्दछ
• कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ । • गाउँपालिकाका विभिन्न वडाहरुमा खडा गरिएको सामाजिक सुरक्षा भत्ता अभिलेख खातामा लाभग्राहीहरुको नाम परिचयपत्र नम्बर जन्ममिति नागरिकता नम्बर समेत प्रविष्ट गरी लाभग्राहीको स्पष्ट देखिने फटो समेत राख्नु पर्नेमा वडा नम्बर १ को खाता परीक्षण गर्दा कतिपय लाभग्राहीहरुको फोटो नटासेको तथा लाभग्राहीहरुको व्यक्तिगत विवरण प्रविष्टी गर्दा बिचबिचमा महलहरु खाली राखी प्रविष्टि गरेको समेत पाइएकोले पाइएकोले अन्य वडाहरुको अभिलेख खाता समेत हेरी यसमा सुधार गर्न गाउँपालिकाले पहल गर्नु पर्ने देखिन्छ । • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता पाप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस गाउँपालिका कार्यालयका उल्लेखित ब्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले गाउँपालिकाले अनुमान गरेको अनुमानित बजेट एकिन हुन नसकी बढी बजेट अनुमान गर्ने गरेको देखिन्छ । अत कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । • कार्यालयले उपलब्ध गराएको एम आइ एस बिबिरणमा कतिपय फरक नाम भएका लाभग्राहीहरुको नागरिकता नम्बर एउटै उल्लेख भएको पाइयो । यस सम्बन्धमा कार्यालयले थप बिश्लेषण गर्नुपर्ने देखिन्छ । • कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कतिपय लाभग्राही हरुको कार्यालयले उपलब्ध गराएको एम आइ एस विवरणमा नागरिकता नम्बर देखिएन । यस सम्बन्धमा कार्यालयले ती लाभग्राहीहरुको यथार्थता यकिन गर्नु पर्ने देखियो ।	
३५.३			**आ.व. २०७७।७८ को सामाजिक सुरक्षा फिर्ता रकमः** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १६४२८११ सम्परीक्षण गरिएको ।**	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.४			**एउटै नागरिकता नम्बर भएका दुई वा सो भन्दा बढीको निकासाः** कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नम्बर भएका दुई वा सो भन्दा बढि व्यक्तिको नाममा निकासा हुने गरी खर्च लेखेको पाइयो । एउटै जिल्ला बाट एउटै नागरिकता नम्बर हुन नसक्ने भए तापनि गाउँपालिकाले त्यस्तो एउटै नागरिकता नम्बर भएका व्यक्तीको खातामा रकम जम्मा गरेको पाईएकाले लगत अद्यावधिक गरी निम्नानुसार खर्च लेखेको रकम यकिन गर्नुपर्ने रु...	१,०३९,५२०

सि.नं.	वडा	व्यक्तिगत आई.डी.	नाम	जन्म मिति	नागरिकता नं.	जिल्ला	बार्षिक रकम
१	१	2010120400541	Hari Maya Nepali	4-12-2010	4401	पाँचथर	३१९२०
२	१	2027051700087	Dawa Dari Tamang	17-5-2027	4401	पाँचथर	३१९२०
३	१	2004060300068	Bishnu Maya Tamang	3-6-2004	4366	पाँचथर	४८०००
४	१	2006070301218	pun prakash Adhikari	3-7-2006	4366	पाँचथर	४८०००
५	१	2004122902125	Menuka Dakal	29-12-2004	417	पाँचथर	४८०००
६	१	2000040400275	Subhdra Dhakal	4-4-2000	417	पाँचथर	४८०००
७	२	2006092300073	Chhatra Kala Adhikari	23-9-2006	929	पाँचथर	४८०००
८	२	2001112201773	Rana Maya Limbuni	22-11-2001	929	पाँचथर	३२०००
९	२	2005101004502	Ful Maya Tamang	10-10-2005	5447	पाँचथर	४८०००
१०	२	2006032200821	Ram Prasad Bhattarai	22-3-2006	5447	पाँचथर	४८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

११	२	1999112800182	Purn Maya Katuwal	28-11-1999	4941	पाँचथर	४८०००
१२	२	2000123050948	Purni Maya Limbuni	30-12-2000	4941	पाँचथर	४८०००
१३	४	2004112000591	Moti Bahadur Sigu	20-11-2004	6493	पाँचथर	४८०००
१४	४	1984050500093	Narmaya Sigu	5-5-1984	6493	पाँचथर	४८०००
१५	४	1991010102274	Krishna Prasad Yongya	1-1-1991	232	पाँचथर	४८०००
१६	४	2013091500505	Jit Bahadur Bhusal	15-9-2013	232	पाँचथर	३१९२०
१७	५	2003110502111	Panjab Sing Suhang	16-2-1947	8480	पाँचथर	४८०००
१८	५	2004010601516	Trilochan Ojha	19-4-1947	8480	पाँचथर	४८०००
१९	५	1979123003067	Kunta Maya Luentel	12-4-1923	3055	पाँचथर	४८०००
२०	५	1993123028909	Sunmaya Sewa	12-4-1937	3055	पाँचथर	४८०००
२१	६	2005040402304	Lal Bahadur Sauden	4-4-2005	1356	पाँचथर	४८०००
२२	६	2014030500218	Sancharani Younghang	5-3-2014	1356	पाँचथर	३१९२०
२३	६	2014121500202	Manmaya Bhandari	15-12-2014	120	पाँचथर	३१९२०
२४	६	2020111502825	Sukh Mati Lawati	15-11-2020	120	पाँचथर	३१९२०
जम्मा							१०३९५२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**सरकारी लेखा फाराम-** सार्वजनिक निर्माण कार्यको लेखाको सरकारी लेखा सम्बन्धी म.ले. प. फा.नं. हरू प्रयोग गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ । कार्यालयले म.ले.प.फा.नं. ५०५, ५०६, ५०७, ५०९ र, ५१४ फारामहरू प्रयोग गरेको पाइएन ।यसले गर्दा ठेक्का सम्बन्धी आइटमवाइज कार्य, धरौटी, पेश्की, कार्य सम्पादन जमानत, म्याद थप, भुक्तानी स्थिती, भेरिएशन, जनसहभागितामा सम्पादित कार्य लगायतका अद्यावधिक अवस्थाको विश्लेषण गर्न सकिएन । निर्माण सम्बन्धी स्वीकृत सरकारी लेखा फारामहरू प्रयोगमा ल्याई निर्माण सम्बन्धी ठेक्का लगायतका विवरणको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।	
३७			**निर्माण व्यवसायीको योग्यता —** ठेकदारको योग्यता मूल्यांकन- बिड डकुमेन्टको Evaluation and Qualification Criteria मा उल्लिखित वित्तीय टर्नओभर र कार्य अनुभवको सन्दर्भमा संयुक्त उपक्रममा रहेका साझेदारको हिस्साका आधारमा कार्य अनुभव र वित्तीय कारोबारलाई अनुपातिक हिसाबले मूल्यांकन गर्नुपर्नेमा साबिकको कुनै उपक्रमको एक साझेदारलाई संयुक्त उपक्रमकै कारोबार र कार्य अनुभवलाई नै नयाँ उपक्रममा अन्यसँग साझेदारी गर्दा पनि मूल्यांकन गर्नाले यथार्थ मूल्यांकन गर्ने गरेको पाइएन । यसले गर्दा बिड डकुमेन्ट अनुसार वित्तीय कारोबार र कार्य अनुभवमा योग्य नहुने स्थितीमा पनि वित्तीय प्रस्तावका लागि योग्य ठहर हुने हुँदा मूल्यांकन यथार्थपरक गर्नुपर्दछ ।	
३८			**कन्टिन्जेन्सी खर्च-** निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राख्नुपर्नेमा कार्यालयले राख्ने गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकतानुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>कार्य सम्पादन जमानतः

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन ।</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>कार्य सम्पादन जमानतको म्याद थप नभएकोः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ ।ठेक्काको कागजात अनुसार बिड डाटा सिटमा न्यून ठेक्का रकम कबोल गरेको हकमा बिड प्राइजको ८ प्रतिशतले कार्य सम्पादन जमानत कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।निम्न ठेक्काहरूमा लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर ठेक्का रकम कबोल गरेको अवस्थामा बिड रकमको ८ प्रतिशतले कार्य सम्पादन जमानत निर्धारण गर्नुपर्नेमा ५ प्रतिशतले मात्र निर्धारण गरेको हुँदा कार्यालयले पेश गरेको विवरण अनुसार नपुग जमानत रकम रु. ४२०९७२६.७८ पेश गर्नुपर्ने रु.
<table>
<tr><th>S. No.</th><th>Name of Project wise Contract</th><th>PBG Submitted by Bidder</th><th>Required PBG</th><th>PBG To be added</th></tr>
<tr><td>1</td><td>Construction of Hilihang Durbar</td><td>६७६९४३३.</td><td>७६४३६३८.८२</td><td>८७४२०५.८२</td></tr>
<tr><td>2</td><td>Constructio of Ward No.1 Admin Building</td><td>२८०३५९१.</td><td>३१२२४४२.५१</td><td>३१८८५१.५१</td></tr>
<tr><td>3</td><td>Construction of Ward No. 5 Admin Building</td><td>२६३८६८४.</td><td>२९४३७७७.०२</td><td>३०५०९३.०२</td></tr>
<tr><td>4</td><td>Construction of Hilihang Rural Municipality Admin Building</td><td>१००८९१५९.</td><td>१२५५०६२२.७६</td><td>२४६१४६३.७६</td></tr>
<tr><td>5</td><td>Construction of 5 Pashupati Ma Bi Building</td><td>९१२४३४.</td><td>१०६०८०१.५१</td><td>१४८३६७.५१</td></tr>
<tr><td>6</td><td>Upgrading of Hilihang Gate</td><td>१५६४३२४.</td><td>१६६६०६९.१६</td><td>१०१७४५.१६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४७७७६२५.</td><td>२८९८७३५१.७८</td><td>४२०९७२६.७८</td></tr>
</table></td><td>४,२०९,७२६.७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>घटि अवधिको कार्य सम्पादन जमानतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) बमोजिम त्रुटि सच्याउने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको मान्य रहने कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा निम्न दुई ठेक्काहरूमा घटी अवधिको कार्य सम्पादन जमानत अवधि रहेको हुँदा नपुग अवधिसम्मको कार्य सम्पादन जमानत रकम रु. ६२३९४४.५३ पेश गर्नुपर्ने रु.
<table>
<tr><td>S. No.</td><td>Contract</td><td>Contractor</td><td>Time to be extended</td></tr>
<tr><td>1</td><td>Construction of Ward No.1 Admin Building</td><td>Suraj Nirman Sewa P Ltd.</td><td>8/25/2080</td></tr>
<tr><td>2</td><td>Construction of Ward No. 5 Admin Building</td><td>Suraj Nirman Sewa P Ltd.</td><td>9/30/2080</td></tr>
</table></td><td>६२३,९४४.५३</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>स्थानीय तह प्रशासकीय भवन पूर्वाधार — ३६५०११११४

हिलिहाङ्ग गाँउपालिका कार्यालयको भवन निर्माणका लागि मुल्य अभिवृद्धि कर र प्रोभिजनल सम बाहेक लागत अनुमान रु. ९६९२७२६३.२० गरेको HRM/NCB/WORKS/03/2078-079 ठेक्काका लागि ८ बोलपत्रदाता मध्ये २६ प्रतिशत ले घटी कबोल गर्ने श्री एस ए एस कन्स्ट्रक्शन प्रा. लि. ले मुल्य अभिवृद्धि कर र प्रोभिजनल सम बाहेकको कबोल रकम रु. ७,१६,४७,९७३.५० मा मिति २०८१ आषाढ १५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ फागुन १० मा सम्झौता भई बजेट खर्च पेश्कीमा रु. १,६०,७४,०००.०० भएको छ । सो ठेक्काका सम्बन्धामा देखिएका बेहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>कार्य अनुभव - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (६) अनुसार पूर्व योग्यता निर्धारण भई आव्हान भएको बोलपत्र परीक्षण गर्दा बोलपत्रदाताको योग्यता पूर्व योग्यता अनुरूपको छ वा छैन सो परीक्षण गर्नुपर्ने र दफा २३ (७)अनुसार उपदफा (६) बमोजिम योग्यता परीक्षण गर्दा पूर्व योगयता अनुरूपको योग्यता सारभूतरूपमा घटी भएको पाइएमा त्यस्तो बोलपत्रदाताको बोलपत्र रद्ध गर्नुपर्ने व्यवस्था छ ।साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ (४ङ) बमोजिम प्राविधिक क्षमता सम्बन्धी पेश भएको विवरण झुट्टा ठहरेमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गरिने व्यवस्था गरेको छ । कार्यालयले जारी गरेको बिड डकुमेन्टको Evaluation and Qualification Criteria को Experience in Key Activities अन्तर्गत विगत १० वर्षभित्र एक निर्माण रु. ८,८५,००,०००.०० बराबरको कार्य सम्पन्न गरेको र सोमा PCC FOR RCC M20 770 Cum, TOR 415/500 Work 180 MT, Brick work 1:4 CS Mortar</td><td>१०,०८९,१६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			340 Cum , Door & Window Chaukhat work with Salwood 11:75 Cum कार्य गरेको हुनुपर्ने शर्त राखेकोमा ठेकदार एस ए एस कन्स्टरक्शन प्रा. लि. ले पुष्पलाल (मध्यपहाडी) योजना कार्यालय, पाँचथरबाट Salwood चौखटमा १३.९५४३ घनमीटर र ब्रिकवर्कमा ३३४.०६ घनमीटरसहितका कार्य अनुभव पेश गरेको पाइयो । सोलाई मान्य गरी एस ए एस कन्स्टरक्शन प्रा. लि. को बोलपत्रलाई न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही ठहर गरी सम्झौता गरेको पाइयो ।निज व्यवसायीले कार्य अनुभवको प्रतिलिपि पत्र पेश गरेको हुँदा सो कार्य अनुभव यथार्थ रहेनरहेको सम्बन्धमा कार्यालयले सम्बन्धित पक्षसँग बुझी सुनिश्चित गरेको पाइएन । निज एस ए एस कन्स्टरक्शन प्रा. लि. ले पुष्पलाल (मध्यपहाडी) योजना कार्यालयको च. नं. ५४४ मिति १३ मे २०२० को पत्रानुसार कार्यानुभव पेश गर्दा मूख्य कार्यको विवरणको क्र. सं. ९ मा रहेको Brickwork कार्य २३४.०६ रहेकोमा सोलाई सच्याई ब्रिकवर्कमा ३३४.०६ र सि. नं. १० मा रहेको Salwood Chaukhat मा ०.९५४३ घनमीटर कार्य गरेकोमा सोलाई सच्याई १३.९५४३ घनमीटर कायम गरी कार्य अनुभवको विवरण पेश गरेको पाइयो । एस ए एस कन्स्टरक्शन प्रा. लि.ले गलत विवरण पेश गर्नाले बोलपत्रदाता योग्य ठहर भएको हुँदा सो सम्बन्धमा कार्यालयले छानबिन गरी निज व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत रु. १,००,८९,१६०.०० लाई नियन्त्रण गरी सार्वजनिक खरिद कानून र प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नुपर्ने रु.	
४०.२			**पेश्की जमानत -** ठेक्का सम्झौताका शर्त र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क अनुसार निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी एस ए एस कन्सट्रक्शन प्रा. लि. लाई गाँउपालिका पूँजीगत शीर्षकको भौचर नं. ४१ / २०७८-१२-१ बाट कृषि विकास बैंक लि., फिदिम शाखाको No. 0075488 अंकित Ref No. 0011 Gurantee No. APG 012/0011/6779122 अनुसार २० अगष्ट २०२२ सम्म मान्य रहने रु. १,६१,००,०००.०० को जमानत राखी रु. ५०,००,०००.०० पेश्की दिएको पाइयो । तर सो जमानतलाई कृषि विकास बैंकको वेभसाइटमा यथार्थता परीक्षण गर्दा भिडान भएको छैन । निर्माण व्यवसायीले पुनः नेपाल बङ्गलादेश बैंक लि., बिर्तामोड, झापाको July 5, 2022 को पत्रानुसार रु. १,१०,७४,०००.०० को पेश्की जमानत देखाई गाँउपालिका पुँजीगत बजेटको अर्को भौचर नं. २११बाट मिति २०७८-३-२४ मा पेश्की रु. ५०,७४,०००.०० दिएको छ । साथै स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास शीर्षकबाट भौचर नं. १/२०७९-३-२५ बाट पेश्की रु. ६०,००,०००.०० थप गरी ठेकदारलाई कुल पेश्की रु. १,६०,७४,०००.०० निकासा गरेको छ । सो व्यवसायीले पुनः कृषि विकास बैंक लि., फिदिम शाखाको Ref NO. 0025 रहेको NO. 0084304 अंकित २०२२ -०९-१६ को पत्रानुसार रु. ५० लाखको १९ अगष्ट २०२३ सम्म मान्य रहने जमानत पेश गरेको छ । ठेकदारले आवश्यकता भन्दा	१६,०७४,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अधिकको पेश्की जमानत पेश गर्न आवश्यक नभएपनि पेश्की जमानत पेश गरेको र पेश गरेको जमानत मध्ये पनि कृषि विकास बैंक लि. ,फिदिम शाखाको जमानत भिडान नभइ कागजात शंकास्पद रहेको पाइयो । निर्माण व्यवसायीको योग्यता पुग्ने आधार बेगर पेश्की दिन नमिल्ने हुँदा सो पेश्की रु. १,६०,७४,०००.०० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) बमोजिम ब्याजसमेत लगाई फर्छ्यौट गर्नुपर्ने र सबै पेश्की जमानतका कागजात बारे छानबिन गरी झुट्ठा विवरण पेश गरेको भए प्रचलित कानून बमोजिम कारवाहीसमेत गर्नुपर्ने रु.	
४०.३			**पेश्की रकमको प्रयोगः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. १,६०,७४,०००.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
४१			**विद्यालय भवन निर्माणमा बढी दरले भुक्तानीः** **.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १७६१४१.५४ सम्परीक्षण गरिएको ।**	०
४२			**हिलिहाङ्ग दरबार निर्माण कार्यः** गाँउपालिकाले सांस्कृतिक सम्पदाको सभा भवन सहितको ३ तले प्यागोडा शैलीको दरबार भवन पर्यटन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमसँगको लागत साझेदारीमा निर्माण गरिरहेको छ । सो दरबारको लागत अनुमान रु. ४,६७,८२,४०६.७३ रहेकोमा ८ बोलपत्रदाता मध्ये ३८.२८ प्रतिशत घटी कबोल गर्ने भगवती बौद्ध जे. भी. सँग कबोल रकम रु. २,८४,४०,२००.०७ मा २०८० फागुन मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी २०७८ असोज १८ गते सम्झौता गरेको छ । सो सम्बन्धामा देखिएका बेहोरा निम्न छन् ।	
४२.१			**कार्य गर्ने अख्तियारी —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । भगवती बौद्ध जे. भी. ले श्री प्रविण शेर्पालाई अख्तियारी दिएकोमा निजले पुनः अख्तियारी श्री देवी प्रसाद लावतीलाई दिएको अवस्था छ । यसबाट संयुक्त उपक्रमका कुनै साझेदारको उपस्थिती भएको देखिंदैन । कार्यालयबाट निर्माणाधीन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । सो अख्तियारी प्रशासनिक कार्यको प्रयोजनका लागि मात्र दिन मिल्ने र निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । योजना कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा श्री देवी प्रसाद लावतीलाई दिएको अख्तियारी नियम २८ (७क) बमोजिम अमान्य गरी संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता हुने र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ।	
४२.२			**रिटेन्सन कट्टिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) बमोजिम बिजकमा रिटेन्सन मनि वापत पाँच प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । भौ. नं. २५ र २६ र ४४ बाट मू. अ. कर बाहेक रनिङ्ग बिल रु. ८१,६५,९०५.१९ भुक्तानी गर्दा ५ प्रतिशतले धरौटी रु. ४०८२९५.२६ कट्टा गर्नुपर्नेमा भौ. नं. ४४ बाट रु. ३,७४,९३५.०० मात्र कट्टा गरेको हुँदा नपुग धरौटी दाखिला गराउनुपर्ने रु.	३३,३६०.२६
४२.३			**दरवार निर्माणको उद्देश्यः** हिलिहाङ्ग दरबार निर्माणको उद्धेश्य र सोको दिगो संचालनका लागो योजना हुनुपर्नेमा सोसम्बन्धमा स्पष्ट उद्धेश्य, नीति र योजना तयार रहेको पाइएन । निर्माणाधीन भवनमा मन्दिर, प्रदर्शनी हल, सेमिनार हल आदिको व्यवस्था भएपनि मानव वस्ती देखि टाढा रहेको सो स्थानमा निर्माण हुने सभा वा सेमिनार गर्नका लागि एक कोठामा २५ जना भन्दा बढी अट्ने क्षमताको हल रहेको छैन । सभा वा सेमिनार गर्नलाई कोठाको आकार र क्षेत्र पर्याप्त नहुने देखिन्छ । हिलिहाङ्ग दरबारमा लिम्बु शैली वा पहिचान झल्किने गरी पनि भवनको डिजाइन र निर्माण गर्नुपर्नेमा प्यागोडा शैलीमा मात्र निर्माण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भइरहेको छ । सार्वजनिक निकायका लागि चाहिने बाथरूमको साइज भन्दा सानो साइजमा निर्माण भईरहेको छ । भवनको निर्माण पश्चात बिजुली, मर्मत संभार, रेखदेखका लागि नियमित रूपमा संचालन खर्च आवश्यक पर्ने तर सोका लागि पर्यटकबाट मात्र प्राप्त हुने आयले चालु खर्च धान्ने अवस्था देखिदैन । दरबारको उपयोग के प्रयोजनमा गर्ने हो स्पष्ट खाका नरहेको हुँदा यसको दिगो संचालनमा अवरोध आउने भई यसको निर्माण खर्चको उपादेयता प्राप्त नहुने अवस्था रहेको छ । दरबारको प्रयोग र संचालनको निरन्तरताका लागि स्पष्ट उद्धेश्य, नीति र योजना तयार गरी कार्य योजना बनाउनुपर्दछ ।	
४२.४			**स्थलगत निरीक्षण-** ठेक्काको बि. ओ. क्यू. मा रहेका आइटमहरूका लागि निर्धारित स्पेसिफिकेशन र डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । स्थालगत निरीक्षणका क्रममा पर्खालमा ईट्टाको जोडाईमा सिमेन्ट मोर्टार १० एमएममा राख्नुपर्नेमा करिब ३० एमएममा राखिरहेको पाइयो । यसले गर्दा ईट्टाको कम प्रयोग हुने र सो जोडाई पनि बलियो नहुने हुन्छ । स्पेसिफिकेशन भन्दा फरक पारी कार्य गरिरहेको हुँदा सोलाई सुधार गर्न लगाइ मात्र भुक्तानी दिने व्यवस्था दिनुपर्दछ ।	
४३			**५-शैया आधारभुत अस्पताल- (एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम- ३७०००११६४)** यस पालिकाले निर्माण गरिरहेको ५-शैया अस्पतालको सम्बन्धमा दखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।	
४३.१			**ठेक्का शर्त -** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खरिद गर्नुपर्ने उल्लेख छ । सो ऐनको दफा ९ अनुसार योग्य बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । Contracts of Similar Size and Nature अन्तर्गत निर्माण कार्यको प्रकृति अनुसारको समानता कायम हुने शर्त तथा Construction experiences in Key Activities मा निर्माण कार्यको प्राबिधिक जटिलताका आधारमा आवश्यक कार्य अनुभवका शर्त राख्नुपर्दछ । तर प्राबिधिक जटिलता नरहेकोमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

प्रतिष्पर्धा संकुचित गर्ने गरी औचित्य नरहेका शर्त राख्न हुँदैन । तर कार्यालयले ५ शैयाको आधारभुत अस्पताल भवन निर्माणका लागि ठेक्का आव्हान गरिसकेपछि बिड डकुमेण्टको Evaluation and Qualification Criteria मा प्राबिधिक औचित्य पुष्ट्याई नगरी प्रतिष्पर्धा सीमित गर्ने गरी र कुनै पक्षलाई अनुकूल हुने गरी Similar size and nature तथा Experiences in key activities का शर्तमा संशोधन गरेको पाइयो ।कार्यालयले पेश गरेको कागजातअनुसार Similar Size and Nature मा रु. ७ करोड ५० लाखको सरकारी भवन निर्माणको अनुभवबाट रु. ९ करोड ६० लाखको एक सरकारी भवन निर्माण सम्पन्न गरेको हुनुपर्ने शर्त थप गरेको तथा मूख्य कार्यमा तोकिएका आइटमहरूको परिमाण घटाएको पाइयो ।सामन्यतया निर्माण कार्यको अनुभवको प्रस्तावित लागत अनुमान रकमको मूल्य अभिवृद्धि कर बाहेक बढीमा ८० प्रतिशतसम्मको निर्माण कार्य गरेको शर्त राख्नुपर्नेमा सो भन्दा बढी हुने गरी शर्त राखेको पाइयो । प्राविधिक कारण र औचित्यको पुष्टयाई बेगर नै भवन निर्माण गर्न शर्त थपघट गरी संकुचित र निर्माण कार्य गर्न अपरिहार्य नरहेको शर्त थप गरी प्रतिष्पर्धालाई सीमित गरेको पाइयो ।

S. No.	Relavant Clause No / Name	Existing Clause	Modified Clause
1	Contract of similar size and nature	One government project of 7,50,00,000.00 completed in a single year in hilly region.	One project within the last 10 years each with a value of at least 9,60,00,000.00 that has been successfully completed
2	Experiences in key activities	Minimum construction experience in the following activities:	Following Activities on a single government project:
		Brick Masonry 365 cum,	Brick Masonry 325 cum,
		Ashlar Masonry 1350 cum	Ashlar Masonry 1180 cum
		RCC 20rks M20 720 cum	RCC works M20 640 cum
		TOR 110 MT	TOR 95 MT

यसले गर्दा बोलपत्रमा सहभागी ५ बोलपत्रदाता मध्ये ३ बोलपत्रदातालाई त्यति बराबर रकम र परिमाणमा सरकारी भवन निर्माण गरेको अनुभव नरहेको भनि अयोग्य ठहर गरेको पाइयो । दुई बोलपत्रदाता एपेक्स मिसन जे. भी. र खानी निर्माण सेवा प्रा. लि. लाई योग्य ठहर गरेतापनि ती दुवै पक्ष फालेलुङ्ग गाँउपालिकाको कार्यालय भवन निर्माणका लागि संयुक्त

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपक्रमका रूपमा खानी एपेक्स मिसन जे. भी. भई कार्य गरिरहेको हुँदा आपसी सम्बन्ध रहेको अवस्था देखिन्छ । निर्माण कार्यको समान प्रकृतिसँग बेमेल हुने गरी अस्वाभाविक शर्त राख्नाका कारण प्रतिष्पर्धा सीमित गरिनाले यो ठेक्कामा एपेक्स मिसन जे.भी.सँग लागत अनुमान भन्दा ०.१५ प्रतिशतले घटी रकम रु. १२,०४,२८,९६०.२६ मा (मू.अ.कर समेत) २ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ फागुन २७ गते सम्झौता गरेको पाइयो । एपेक्स मिसन जे.भी. ले शहरी विकास तथा भवन कार्यालय, पर्सा, बीरगंजबाट पेश गरेको कार्य अनुभवको यथार्थता पुष्टि नगरी सम्झौता गरेको पाइयो । सामान्यस्तरको जनशक्ति(सम्बन्धित कार्यमा २ वर्षको अनुभव रहेको सिभिल ईन्जिनियर-१ र सब-ईन्जिनियर-२ जना) र मेशिनरीको आवश्यकतालाई हेर्दा निर्माण कार्य विशेष प्रकृतिको र जटिल रहेको पुष्टी हुँदैन ।कार्यालय भवनको निर्माण अवधि २ वर्ष सम्झौतामा राख्ने तर कार्य अनुभवका हकमा रु. ९ करोड ६० लाखको सरकारी कार्यालयको भवन निर्माण सम्पन्न गरेको हुनुपर्ने तर कार्य गरेको परिमाण घटाउने शर्त राख्नाले प्रतिष्पर्धा सीमित हुने तथा कुनै पक्षलाई अनुकूल हुने अवस्था सृजना भएको प्रष्टिन्छ । अस्वाभाविक र असान्दर्भिक शर्त नराखी स्वच्छ प्रतिष्पर्धा भएका अन्य ठेक्काहरूमा लागत अनुमान भन्दा ३८ प्रतिशतसम्म घटीमा ठेक्का बन्दोबस्त भएको स्थितिमा कार्यालयबाट ठेक्कामा प्रतिष्पर्धालाई सीमित गर्ने गरी प्राबिधिक कारण र औचित्य बेगर समान प्रकृतिका नाममा अमिल्दो शर्त राख्ने तथा कार्य अनुभवको यथार्थता पनि परीक्षण नगरी योग्य ठहर गरेको हुँदा सार्वजनिक खरिद कार्य मितव्ययी, विवेकपूर्ण र जवाफदेहीपूर्ण नदेखिँदा सो सम्बन्धमा निक्यौंल गरी स्पष्ट गर्नुपर्दछ ।	
४३.२			**कार्य अनुभवको पुष्टयाई नरहेको-** निर्माण व्यवसायी श्री खानी मिशन जे. भी. ले कार्य अनुभवको हकमा शहरी विकास तथा भवन कार्यालय, पर्सा वीरगंजको च. नं. १६० मिति २०७८/८/२९ को पत्रानुसार पर्सा र रौतहटमा रु. १०,२६,९२,४३१.१३ मा Construction of Old Age Home को कार्य २०७८/१/२७ मा सम्झौता गरी २०७९/१/२३ भित्र RCC Masonry 738.50 cum, Ashlar Stone Masonry 1809.60 cum, Steel Reinforcement 125.18 MT को कार्य गरेको प्रतिलिपि पत्र पेश गरेको छ । शहरी विकास कार्यालय, पर्सा, बीरगंजको पत्रानुसार सो जे.भी.ले भवन निर्माण कार्य मिति २०७९।१।२३ (Date of Completion) मा सम्पन्न गरेको भनि मिति २०७८।८।२९ मा कार्य अनुभवको पत्र जारी गरेको देखिन्छ । कार्य सम्पन्न गरेको मिति भन्दा ४ महिना २३ दिन अगावै निर्माण कार्य सम्पन्न भएको उल्लेख गरेको देखिँदा सो कार्य सम्पन्न भएको ठहरिने प्राविधिक तथा वस्तुनिष्ठ आधार देखिदैन । सो पत्रको अनुभवलाई मान्यता दिने आधार नदेखिदा सो आधारमा बोलपत्रदातालाई अयोग्य ठहर गर्नुपर्ने देखिन्छ ।यस्तो अवस्थामा पनि कार्यालयले कार्य अनुभवको यथार्थता सुनिश्चित नगरी सो पत्रमा उल्लिखित कार्य अनुभवलाई नै मान्यता दिई बोलपत्रदातालाई योग्य ठहर गरेको पाइयो	२४,०८५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन पेश नगरेको र सोही नियमावलीको नियम १२५(९) अनुसार कार्य सम्पन्न प्रमाण पत्र पेश नभएको स्थितिमा कार्यालयले सो कार्य यथार्थमा एक सरकारी भवन सो परिमाणमा सम्पन्न गरेको सुनिश्चित गरेको पाइएन । साथै, अन्य कार्य अनुभवका हकमा पनि ठेक्काको शर्त बमोजिम कार्य गरेको अनुभव सुनिश्चित नै नभएको अवस्थामा श्री एपेक्स मिशन जे. भी. लाई योग्य ठहर गरी ठेक्का सम्झौता गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्य सम्पादन जमानत नियन्त्रणमा लिने लगायतका आवश्यक कारवाही गर्न तथा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको भौ. नं. ६ र १३ बाट रु. १,००,००,०००.०० तथा एकीकृत स्वास्थ्य पूर्वाधार विकास शीर्षकको भौ. नं. १ बाट रु. १,४०,८५,०००.०० पेश्की दिएकोमा सो पेश्की दिन मिल्ने योग्यताको आधार सम्बन्धमा छानबिन गरी पुष्टयाई पेस गर्नुपर्ने रु.	
४३.३			**एकै जनशक्ति** – निर्माण कार्यका लागि सम्झौता अनुसार एक निर्माण कार्यको ठेक्काका लागि तोकिएका योग्यता पुगेका जनशक्तिलाई अन्य ठेक्कामा राख्न मिल्दैन । फालेलुङ्ग गाँउपालिकाको कार्यालय भवन निर्माणको ठेक्कामा श्री खानी एपेक्स मिशन जे. भी.ले प्रोजेक्ट म्यानेजरमा श्री ज्ञानेन्द्र राज देवकोटालाई राखेकोमा निजलाई नै यस गाँउपालिकाको ५ शैया अस्पताल भवनको ठेक्कामा पनि एपेक्स मिसन जे. भी. को तर्फबाट प्रोजेक्ट म्यानेजर राखेको पाइयो । एकै जनशक्ति दुई स्थान र दुई निकायबाट एकै समयमा संचालित योजनामा प्रोजेक्ट म्यानेजर राख्दा अयोग्य ठहर गर्नुपर्ने हुन्छ । एकै जनशक्ति एक भन्दा बढी निर्माण काममा राखी विवरण पेश गर्ने बोलपत्रदातालाई जिम्मेवार बनाई कारवाही गर्नुपर्ने र योग्य जनशक्ति निर्माण स्थलमा रहने व्यवस्था गर्नुपर्दछ ।	
४३.४			**संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर)** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । एपेक्स मिसन जे. भी. श्री रमेश बहादुर अधिकारीलाई अख्तियारी दिएको छ । यसबाट संयुक्त उपक्रमका कुनै साझेदारको उपस्थिती भएको देखिदैन । कार्यालयबाट निर्माणाधिन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । सो अख्तियारी प्रशासनिक कार्यको प्रयोजनका लागि मात्र दिन मिल्ने र निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । योजना कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा श्री रमेश बहादुर अधिकारीलाई दिएको अख्तियारी अमान्य गरी संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता हुने र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ।	
४३.५			**पेश्कि फर्स्योंटः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. २४०८५०००.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
४४			**अधुरो निर्माण-** निर्माण कार्यको योजना सम्पन्न हुने गरी संचालन गर्नुपर्दछ । गाँउपालिकाले यो वर्ष संचालन गरेका निम्न योजनामा संरचनाको पुर्ण निर्माण हुने गरी बजेट विनियोजन नभएको र आगामी वर्षमा सो संरचना निर्माण हुने गरी बजेट र कार्यक्रममा निरन्तरता नभएको हुँदा सोमा गरिएको खर्च रु. २७,६४,७०८.७५ को औचित्य नदेखिएको रु. क. सं. | कार्यक्रम | निर्माण व्यवसायी | खर्च रकम रु. १ | वडा ७ को प्रशासनिक भवनको फाउन्डेसन निर्माण | याङ्तारू निर्माण सेवा प्रा. लि. | १२७४२३१.९६ २ | भीमसेन मन्दिर निर्माण | याङ्तारू निर्माण सेवा प्रा. लि. | १४९०४७६.७९ | जम्मा | | २७६४७०८.७५	२,७६४,७०८.७१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>हिलिहाङ्ग संग्रहालय- हिलिहाङ्ग संग्रहालय निर्माणमा कार्यालयले पेश गरेको विवरण अनुसार गाँउपालिकाबाट २०७६/७७ र २०७७/७८ मा रु. १,७५,५१,१८१.०० खर्च भएको छ । सो संग्रहालयला लागि प्रदेश सरकार र अन्य संघसंस्थाबाट भएको खर्चलाई समावेश गर्दा निर्माण लागत अझै बढ्ने हुन्छ ।सो निर्मित भवन अझै संग्रहालयको रूपमा प्रयोगमा आउन सकेको छैन । स्थलगत निरीक्षणका क्रममा सो संग्रहालयमा कार्यालयले खरिद गरेका कुर्सी लगायतका सामान भण्डारण गरेर राखेको पाइयो । प्रदेश सरकारले निर्माण गरेको अपाङ्गमैत्री र्याम्प पनि प्राविधिक रूपमा प्रयोग गर्न नसकिने स्थितिमा रहेको पाइयो । यसमा रहेका रिटेनिङ्ग वालहरू धसेको अवस्थामा रहेको पाइयो । भवन र यसको हातामा रहेका संरचनाहरूको प्राबिधिक जाँच गराई निर्माण व्यवसायीबाट कार्य गराएको हकमा त्रुटि सच्याउने अवधि बाँकी भए सोको सुधार गर्न र उपभोक्ता समितिबाट त्रुटि सच्याउनु पर्ने भए सो सुधार गर्न तदारूकता अपनाउनु पर्ने देखियो । सो संग्रहालयको उपयोगका लागि आवश्यक नीति र योजना तयार गरी कार्य गर्नुपर्दछ ।
 </td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>मुल्य अभिवृद्धिकर कट्टीः उपभोक्ता समितिबाट खरिद गरिएका निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत रकम कार्यालयले उपभिक्ता समितिलाई सोधभर्ना गर्दा रु. १६,१७,१०९.०० कट्टा गरेर दाखिला गरेको छ । उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गर्दा विक्रेतालाई सम्पुर्ण मूल्य अभिवृद्धि कर रकम भुक्तान गरिसकेको हुँदा ती विक्रेताले आफ्नो मूल्य अभिवृद्धि कर विवरणमा ३० प्रतिशतले थप रकम रु. १६,१७,१०९.०० क्रेडिट समायोजन गर्न</td><td>१,६१७,१०९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पाउने हुँदा सो रकम आय सृजना हुन्छ । अतः सो रकम समायोजन गर्न नपाउने गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी गराई राजश्व दाखिला गर्ने व्यवस्था गर्नुपर्ने रु.	
४७			**कर कट्टि नभएकोः** आयकर ऐन, २०५८ र आर्थिक ऐन, २०७८ अनुसार ज्याला वा पारिश्रमिक भुक्तानी रकम रु. ६६४२८८४.०० मा १ प्रतिशत कर कट्टा गरी दाखीला गर्नुपर्नेमा निम्न निर्माण कार्यहरू उपभोक्ता समितिमार्फत गराएकोमा डोर हाजिर फाराम अनुसार भुक्तानी गरेको ज्यालामा १५ प्रतिशत उपभोक्ता समितिको योगदान घटाई बाँकी हुने रकम रु. ५६४६४५१.४० मा १ प्रतिशत कर रकम दाखिला गर्नुपर्ने रु.	५६,४६४.५१

क. सं.	निर्माण कार्य	कुल ज्याला	उ.स.को १५ % योगदान पछिको ज्याला	१ % कर रकम रु.
१	अमरपुर मा.वि. भवन निर्माण	७९७२५०.	६७७६६२.५	६७७६.६३
२	सिद्ध मा. वि. भवन निर्माण	४१६०००.	३५३६००.	३५३६.
३	मझैटार आ. वि.	६१७८२५.	५२५१५१.२५	५२५१.५१
४	सिरिसे खानेपानी व्यवस्थापन तथा इन्टेक निर्माण	५४६२२५.	४६४२९१.२५	४६४२.९१
५	सामुदायिक भवन निर्माण	४१७६२५.	३५४९८१.२५	३५४९.८१
६	सिरिजङ मार्टिसन	१७८९४००.	१५२०९९०.	१५२०९.९
७	सिंहापुर पशुपति मा.वि. भवन निर्माण	६५९४२५.	५६०५११.२५	५६०५.११
८	अमरज्योति आवि. ग्याबियन वाल निर्माण	४०५२७५.	३४४४८३.७५	३४४४.८४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>वलडाँडा गोलेगाँउ मोटरबाटो ग्याबियन वाल</td><td>४६१५००.</td><td>३९२२७५.</td><td>३९२२.७५</td></tr>
<tr><td>१०</td><td>भाग्योदय आ.वि. भवन निर्माण</td><td>५३२३५९.</td><td>४५२५०५.१५</td><td>४५२५.०५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६६४२८८४.</td><td>५६४६४५१.४</td><td>५६४६४.५१</td></tr>
</table>
</td><td></td></tr>
</table>